स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता राजेश हमाल अभिनीत फिल्म 'प्रवासी जीवन' आगामी फागुन १५ देखि नेपालभर प्रदर्शन हुने भएको छ। उज्ज्वल भविष्य र स्थायित्वका लागि संयुक्त राज्य अमेरिका पुगेका नेपालीले त्यहाँ गर्नुपर्ने सङ्घर्षसहितको प्रवासी जीवनको कथा बोकेको फिल्मलाई श्याम क्षेत्री र राम अधिकारीले संयुक्त रूपमा निर्देशन गरेका छन्।

**आजको विचार...**



कृषि...
(दुई पेजमा)

अनुसा थापा



चर्चित गायिका अन्जु पन्तले आफूसँग पैसा लिएर पनि फिर्ता नदिने व्यक्तिलाई नाम सार्वजनिक गर्ने चेतावनी दिएकी छन्। उनले सामाजिक सञ्जालमा एकपोष्ट गर्दै यस्तो चेतावनी दिएकी हुन् । आफ्नो पैसा लानेलाई फटाहा सम्बोधन गर्दै उनी लेख्छिन्, नेपालको संगीतक्षेत्रमा नाम चलेका एकजना महासयले १५ दिनमा दिन्छु भनेर लगेको मेरो पैसा भोलि दिन्छु, पर्सी दिन्छु भन्दै भाका राख्दा राख्दै ५ महिना कटिसक्यो। अझै भाका राख्न छोडेका छैनन्।

❒ वर्ष ३१ अंक १३४ ❒ २०८२ मंसिर २५ गते बिहीबार 11 December 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आगलागीबाट १२ जनाको मृत्यु

(रासस/एएफपी)

**बेइजिङ,** मङ्सिर २४/दक्षिणी चीनको आवासीय भवनमा आगलागी हुँदा १२ जनाको मृत्यु भएको चिनियाँ सरकारी मिडियाले बुधबार जनाएको छ । गुआङ्गडोङ प्रान्तको सान्टौमा रहेको चार तले भवनमा मंगलबार राति ९:२० बजे सूरु भएको आगलागी राति १०:०० बजे पछि नियन्त्रणमा लिएको स्थानीय अग्निशमन विभागले विज्ञप्ति मार्फत जनाएको छ । यस अघि गुआङडोङ र हङकङका आवासीय टावरहरूमा ठुलो आगलागी हुँदा १६० जनाको मृत्यु भएको थियो । "आगोले भवनको १५० वर्ग मिटर क्षेत्रलाई असर गरेको जनाउदै चाओनान जिल्ला फायर एण्ड रेस्क्यु टोलीले आगलागीको कारण अनुसन्धान तथा र व्यवस्थापनको कार्य भइरहेको बताएको छ । यस अघि बुधबार बिहानको प्रारम्भिक रिपोर्टमा आठ जनाको मृत्यु भएको र चार घाइतेलाई अस्पताल लगिएको जनाइएको थियो । हाल चिनियाँ सरकारी समाचार एजेन्सि सिन्ह्वाले १२ जनाको मृत्यु भएको बताएको छ । गत महिना हङकङमा आगलागी भएपछि चीनले अग्ला भवनहरूमा आगोको खतरा विरुद्ध अभियानसमेत चलाएको छ ।

## पाल्पामा नेकपाको 'एकता सन्देश सभा'

# निर्वाचनपछि नेकपा पहिलो पार्टी बन्ने नेताहरुको दाबी, ओलीप्रति आक्रामक

कृष्ण पोखरेल










**पाल्पा,** मंसिर २४/१६ वटा वामपन्थी घटकहरू मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीले मंगलबार पाल्पाको तानसेनस्थित टुँडिखेलमा एकता सन्देशसभा गरेको छ । सभामा नेपाली कम्युनिष्ट पार्टीका नेताहरु प्रकाश ज्वाला, सोम प्रसाद पाण्डे लगायतका केन्द्रीय नेताहरुले एउटै मञ्चमा उभिएर फागुन २१ गते हुने निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टी पहिलो नम्वरको पार्टी बन्ने भन्दै एकताको सन्देश दिएका थिए ।

मञ्चबाटै जेनजी (नयाँ पुस्ता) आन्दोलनबाट आफूहरू झस्किएको र पाठ सिकेको स्वीकार गरे । विचारधाराको हिसाबले नेताहरूले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिताजस्ता उपलब्धिलाई उल्ट्याउन खोज्ने 'प्रतिगामी' शक्तिहरूविरुद्ध एकताबद्ध हुने सन्देश दिए । जनयुद्ध र जनआन्दोलनका उपलब्धिहरू खतरामा परेको भन्दै त्यसको रक्षाका लागि यो एकता अपरिहार्य रहेको नेताहरुले जिकिर गरे । सभाको सबैभन्दा सबल र सकारात्मक पक्ष भनेको विभाजित कम्युनिष्ट आन्दोलनलाई पुन: एकीकृत गर्ने 'संकल्प' थियो । मञ्चमा देखिएको नेताहरूको उपस्थिति र उनीहरूको अभिव्यक्तिले वर्तमान सत्ता समीकरण र विशेषगरी नेकपा एमालेका अध्यक्ष केपी ओलीप्रति कडारुपमा आक्रामक भए । एकता सन्देशसभालाई सम्वोधन गर्दै नेपाली कम्युनिष्ट पार्टीका नेता प्रकाश ज्वालाले काँग्रेस र एमालेकोबाट बनेको दुई तिहाईको नाममा प्रधानमन्त्री केपी शर्मा ओलीको निकै दम्भ, घमण्ड, बढेको, भष्ट्रचार कुशासन बढेको, अन्याय अत्याचारले सिमा नाघेकोले जेनजी विद्रोह भएको बताए । नेता ज्वालाले स्कुले विद्यार्थीहरुको हत्यामा तत्कालीन प्रधानमन्त्री ओली नै जिम्मेवार रहेकोले ओलीलाई कानुनी कारवाही हुनुपर्नेमा जोड दिए । मंसिर २७ देखी २९ मा हुने एमालेको ११ औ महाधिवेशनमा कित केपी ओली ढल्छन्, कित एमाले फुट्छ यो बाहेक एमालेमा अरु कुनै विकल्प नभएको नेता ज्वालाले दावी गरेका छन् । टुँक्रिएको एमाले पनि पुन: नेपाली कम्युनिष्ट पार्टीमा जोडिने नेता ज्वालाले दाबी गरेका छन् । नेता ज्वालाले एमाले अध्यक्ष ओलीकै दम्भ, घमण्ड र अराजकताको कारण विगतमा नेपाल कम्युनिष्ट पार्टी र नेकपा एमाले टुँक्रिएको, दुई तिहाईको आफ्नै नेतृत्वको सरकार ढालेर दुई/दुई पटक संसद विघटन गरेको आरोप लगाए । उनले फागुन २१ गते हुने निर्वाचनमा नेपाली कम्युनिष्ट पाटी पहिलो नम्वरको पार्टी बन्ने र शुसासन कायम गर्न, भ्रष्टचारीहरुलाई छानी छानी कारवाही गर्ने आश्वासन दिए । १६ वटा विभिन्न पार्टी, समुह मिलेर बनेको नेपाली कम्युनिष्ट आमनिर्वाचन पछि सबै भन्दा ठूलो पार्टीको रुपमा स्थापित हुने नेता ज्वालाले दावी गरे । पार्टी एकता अहिले केन्द्र हुँदै प्रदेश, जिल्ला तहमा आएको र केही दिनमै वडातहसम्म लैजाने उनले बताए । एकता सभालाई नेपाली कम्युनिष्ट पार्टीका नेता एवं पूर्व उद्योगमन्त्री सोम प्रसाद पाण्डेले नेपालका धेरै जनता कम्युनिष्ट विचारधारा भएकाले देश बनाउन सबै कम्युनिष्ट विचाराधाराहरु नेपाली कम्युनिष्ट पार्टीमा समावेश हुनुपर्नेमा जोड दिए ।

अझै पनि देशमा संकट नहटेकोले जुनसुकै समयमा कल्पना नगरेका घटनाहरु हुन सक्ने भएकोले जेनजी विद्रोहका मागहरुलाई समेट्ने गरी राजनीतिक दलहरुले भूमिका निर्वाह गर्नुपर्नेमा नेता पाण्डेले जोड दिए ।-बाँकी अन्तिम पेजमा...

## भण्डारीले काँग्रेस सभापतिमा उम्मेदवारी दिने



**पाल्पा,** मंसिर २४/नेपाली काँग्रेसका प्रभावशाली नेता चन्द्र भण्डारीले पार्टीको १५ औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । बुधबार सामाजिक सञ्जालमार्फत् भण्डारीले पार्टी सभापतिका लागि उम्मेदवारी दिने घोषणा गरेका हुन् ।

"साथीहरूको जिज्ञासा मेरो धारणा !!! नेपाली कांग्रेसको १५औं महाधिवेशनमा सभापति पदप्रति मेरो आकांक्षा स्पष्ट छ, दृष्टिकोण पनि उति नै निर्धारित," नेता भण्डारीले लेखेका छन् । देश जनता, प्रजातन्त्रको हित र संगठनको आवश्यकताअनुसार आफू अघि बढ्न तयार रहेको उनको भनाइ छ । नेता भण्डारीले साथीहरूको सुझाव, समयको माग र राजनीतिक बजारलाई सम्मान गर्दै कदम चाल्नु पर्ने पनि उल्लेख गरेका छन् । उनले लेखेका छन्, "देश, जनता, प्रजातन्त्रको हित र संगठनको आवश्यकता जहाँ उभिन्छ, त्यहीअनुसार शून्यदेखि सयसम्म जसरी आवश्यक पर्छ, त्यस्तै रूपले अघि बढ्न तयार छु,।" काँग्रेस महाधिवेशन नजिकिदै जाँदा नेताहरुले धमाधम उम्मेदवारी घोषणा गर्न थालेका छन् । यस अघि महामन्त्री गगन थापाले सभापतिमा उम्मेदवारी दिने घोषणा गरिसकेका छन् । १४औं महाधिवेशनमा भण्डारी कांग्रेसमा इतर समूहको नेतृत्व गर्दै आएका नेता भण्डारी डा. शेखर कोइरालाको समूहबाट उपसभापतिका उम्मेदवार थिए । उपसभापतिको दौडमा १ हजार ५८० मत पाएर भण्डारी चौथो भएका थिए ।

## १९ बालबालिकासहित २१५ जनामा एचआइभी सङ्क्रमण





**गलकोट (बागलुङ),** मङ्सिर २४/ बागलुङमा १९ बालबालिका एचआइभी सङ्क्रमित भएको पाइएको छ । जिल्लामा पहिचान र नियमित औषधि सेवन गर्ने २१५ सङ्क्रमितमध्ये १९ बालबालिका रहेको पाइएको हो ।

करिब १५ वर्षदेखि एचआइभी सङ्क्रमित भई औषधि सेवन गर्दै आएकी बागलुङ नगरपालिका निवासी एक महिला समाजले सङ्क्रमितलाई हेर्ने दृष्टीकोण अझै परिवर्तन हुन नसकेको बताउन्छिन् । उनले आफूले खुलेर हिँड्न चाहे पनि समाजले आफ्नो परिवारलाई हेलाको भावले हेर्ने गरेकाले आफू जस्ता सङ्क्रमित खुल्न डराएको बताइन् । "आफू पो सङ्क्रमित भइयो, परिवार सबै राम्रो छ, छोरीले उच्च शिक्षा अध्ययन गर्छिन्, परिवार अरुको सरह नै छ, तर सङ्क्रमित भएको थाहा पाएपछि परिवार नै समाजबाट अपहेलित हुनुपर्ने, विद्यालयमा हेला हुनुपर्ने तथा विभिन्न लान्छना लाग्ने गर्दछ", सङ्क्रमित महिलाले भनिन्, "सङ्क्रमित भएर अन्य नागरिक सरह हिँड्न समस्या छ, परिवारबाट तपाईं खुलेमा हामीलाई सबैले सङ्क्रमितको परिवार भन्छन् भन्ने सुझाव आउँछ ।" संक्रमित बालबालिकाले समेत विद्यालयमा विभेद भएको भन्दै परिवारसँग गुनासो गर्ने गरेका छन् । बागलुङमा पछिल्लो समय संक्रमणको सङ्ख्या बढ्दै गए पनि खुलेरै समाजमा आउनेको संख्या न्यून छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## पर्वतीय दिवसको सार्थकता

हरेक वर्ष ११ डिसेम्बरमा अन्तर्राष्ट्रिय पर्वत दिवस मनाइन्छ । यस वर्ष पनि आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ । जलवायु परिवर्तन र जनसंख्या वृद्धिका कारण पर्वतीय क्षेत्रमा परेको असर न्यूनीकरणप्रति जनचेतना जगाउने उद्देश्यले दिवस मनाउने गरिन्छ । तर विडम्वना प्राकृतिक सौन्दर्यताको प्रतिक, वातावरणीय विविधताको धौतक, हिमश्रृंखला र पहाड हाम्रा पर्वतहरु हराउँदै जान थालेका छन् ।

नदी नालाको श्रोत, जल, जमीन अनि जंगलको समिश्रण पनि हाम्रा विशाल पर्वत र हिमश्रृंखला नै हुन् । तर सुन्दर पर्वतहरु अहिले कालापहाड जस्ता देखिन थालेका छन् । हिमालमा हिउँ नै पर्न छोडेको छ । हिमरेखा माथि-माथि सर्दै जान थालेका छन् । पानीको सञ्चिती घटेको छ । पहाडमा समेत खानेपानीका मुहान तथा खोला खोल्साहरुमा पानीको मात्रा घट्दै गएको छ । विश्वव्यापी रुपमा बढिरहेको कार्बन उत्सर्जनका कारण मुलुकको तापक्रम बढिरहेको छ । यसको सीधा असर हिमालय क्षेत्रमा पर्दा हिमाल, हिमनदी र हिमतालहरू पग्लिने र फैलने गति तीव्र भइरहेको छ । हिमालमा हिउँ नपर्नु, परेको हिउँ चाँडै बिलाएर जाने र हिमालका फेदमा हिमतालको क्षेत्रफल बढ्दै जाने गरेको तथ्यले जलवायु परिवर्तनको सीधा असर पर्वतहरुमा परेको सहजै अनुमान गर्न सकिन्छ । हरेक वर्ष अन्तर्राष्ट्रिय पर्वतीय दिवस मनाउने गरिए पनि जोखिम अवस्थामा रहेका पर्वतहरु जोगाउने विषयमा कसैको पनि ध्यान जान सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । हाम्रो साझा भविष्यलाई जगेर्ना गर्ने हो भने जलवायुमा भइरहेको परिवर्तनविरुद्ध लडाइँ लड्न आवश्यक छ । सुन्दर पर्वत जोगाउने अहिलेको चुनौती सरकार एक्लैले मात्र थेग्न सक्दैन । नागरिक समाज, निजी क्षेत्र, सामाजिक संघसंस्था, समाजका प्रतिष्ठित संस्था सबैको सहकार्य हुन जरुरी छ । यसर्थ विश्व पर्वत दिवसलाई केवल दिवसका रुपमा मात्रै भन्दा पनि मानव जीवनलाई वातावरण अनि मानवीय मैत्रीपूर्ण भावनालाई व्यवहारमै लागु गर्न सकियो भने मात्र दिवस मनाउनुको सार्थकता रहन्छ ।

## Opinion @ Socia Network

पैसा नै सबैथोक होइन नभन प्रदेशिले
पैसाकै लागि जिन्दगिमा सबै कुरा गुमाएको हुन्छन ।
(मनिषा आलेको फेसबुक स्टाटसबाट *www.facebook.com/Manisha.Ale*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कृषिप्रधान मुलुकको अस्तित्व मेटाउँदै स्थानीय सरकार



**अनुसा थापा**

*सरकारले आफ्नो सम्पत्ति त खोज्छ । सार्वजनिक सम्पत्ति हड्पेर मोटाएकाहरुको दुर्दशा शुरु हुँदैछ । सरकारले २०२१ र २०२८ सालमा जग्गाको नापी गर्यो । जनताको जग्गा जनतालाई दियो भने अरु जग्गा सरकारी हो । ऐलानी, गुठी, हदबन्दीभन्दा बढीलगायतका शीर्षकमा जग्गा राखिएको छ । यद्यपि, भूमाफियाहरुले दर्ता गर्न छुटेको भन्दै ती जग्गा व्यक्तिको नाममा दर्ता गरेका छन्। सरकारले जुनसुकै समयमा ती जग्गा खोज्न सक्छ। जनप्रतिनिधि र राजनीतिक दलहरुले सँधै भूमाफियाको पक्षमा काम गरे । जसको असर पहिले राष्ट्रले भोग्यो, अहिले कृषकहरुले भोग्दैछन् । कृषकहरुले समेत जग्गा नपाउने अवस्था बन्यो । अब कसरी खेती गर्ने ? स्थानीय पालिकाले सबै आवासीय क्षेत्र कायम गर्नुहुन्छ ? भूमाफियाको हितमा काम गर्दा खेतीपाती गरेर खाइरहेका कृषकहरु समस्यामा परे कि परेनन् ? जनप्रतिनिधिहरुको कारणले भएका खेतीयोग्य जमिनहरु बाँझै बस्ने भयो ।*

२०७९ जेठ ९ गतेको क्याबिनेटको बैठकले जग्गालाई १० वर्गमा वर्गीकरण गर्ने निर्णय गर्‍यो । जेठ २७ गते ७५३ वटा स्थानीय तहलाई सो सम्बन्धमा परिपत्र गरियो । जग्गाको वर्गीकरणको अधिकार स्थानीय सरकारलाई दिइयो । कुन क्षेत्रमा घर बनाउने ? कुनमा खेतीपाती गर्ने ? लगायत विभिन्न वर्गमा छुट्याएर मंसिरभित्र विवरण पठाइसक्न भनिएको थियो । तर, स्थानीय पालिकाहरुले जग्गा वर्गीकरण गर्न आलटाल गरिरहेका छन् । सरकारले वर्गीकरणका लागि तीनपटक म्याद थप गरिसक्यो । पछिल्लोपटक २०८३ असार मसान्तसम्म म्याद थपिएको छ। यो अवधिमा पनि स्थानीय तहले जग्गा वर्गीकरण गरिनसक्ने देखिन्छ । जनप्रतिनिधिले आनाकानी गर्नुको पछाडि प्रमुख कारण हो-जग्गाको मूल्य । खेतीयोग्य जमिनमा खेती मात्र गर्नुपर्छ। त्यो जग्गा आनाको २० हजारमा पनि बिक्री नहुने भएपछि स्थानीय तहले सबै जग्गालाई आवासीय क्षेत्र भनेर छुट्याइदियो। आवासीय क्षेत्रको जग्गा त मँहगोमा बिक्री हुन्छ। त्यसैले खेतीयोग्य जमिनलाई पनि आवासीय भनियो । आवासीय क्षेत्र कायम गरेपछि सरकारले मल अनुदान दिन मिल्दैन । किन कि, आवासीय क्षेत्रमा सबै घरैघर हुन्छ । अहिले जग्गाको कारोबार ठप्पजस्तै छ । त्यसैले ती जग्गामा खेतीपाती गर्न थालिएको छ तर मल छैन । उनीहरु सरकारले मल दिएन भनेर गुनासो गरिरहेका छन् । पहिलो कुरा त आवासीय क्षेत्रमा सरकारले किन मल दिने ? जग्गा बेचेर करोडौंको मालिक बनाउँला भनेर जग्गा आवासीय क्षेत्रमा राखेकाहरुले अहिले मल पाइएन भन्दै गुनासो गर्न मिल्छ ? घरजग्गा व्यवसायी महासंघ विगतदेखि नै जग्गा वर्गीकरणको विपक्षमा छ । महासंघले त्यसको विरोध गर्दै आएको छ । महासंघले वर्गीकरण गर्नै दिइरहेको थिएन । जग्गालाई आवासीय क्षेत्र तोक्नका लागि महासंघले जनप्रतिनिधिहरुलाई दबाब दियो । जसका कारण जनप्रतिनिधिले धमाधम आफ्नो पालिकामा भएको जमिनलाई आवासीय कायम गरिदिए । अहिले बजारमा घरजग्गा किन्ने मान्छे नै भेटिँदैन । यसको दुई कारण छ-आर्थिक मन्दी र मापदण्ड परिवर्तन । सर्वसाधारणसँग पैसा छैन । बिहान बेलुका छाक छार्न पनि सर्वसाधारणलाई समस्या छ । यस्तोमा कसले घरजग्गा किन्ने ? यता, सरकारले घर निर्माणसम्बन्धी मापदण्ड २०६४ मा परिमार्जन गरेर २०८१ लागू गरेको छ । पहिले १३ फुटे बाटो भएको ठाउँमा अब २० फुटे कायम गरिएको छ । त्यस्तै, २० फुटेको ठाउँमा २७ फुटे कायम गरिएको छ। विद्युतको हाइटेन्सन लाइनको मूनि २५ मीटर रहेकोमा बढाएर ३५ मीटर बनाइएको छ । ट्रान्सफर्मरको दायाँबायाँ ९ मीटर रहेकोमा अब १५ मीटर छोडनुपर्नेछ । २०८० पुस ३ गते सर्वोच्च अदालतको संयुक्त इजलासले खोलाको दायाँबायाँ २० मीटर थप गरेर ४० मीटर छोडेर मात्र संरचना निर्माण गर्नुपर्ने फैसला गरेको छ । यता, सरकारले राजकुलो, ढुंगेधारा, तालपोखरी, पार्टीपौवालगायत सार्वजनिक संरचना खोजी गर्दैछ । भूमाफियाहरुले आर्यघाट, मठमन्दिर, पार्टीपौवा, खोलानाला, तालतलैया, कुवालगायत मासेर घर बनाएका छन् । विश्व सम्पदा सूचीमा परेको मठमन्दिर वरपर एक तलेभन्दा अग्लो घर बनाउन पाइँदैन । तर, यहाँ त मन्दिर नै छेकेर घर बनाइएको छ । सरकारले आफ्नो सम्पत्ति त खोज्छ । सार्वजनिक सम्पत्ति हड्पेर मोटाएकाहरुको दुर्दशा शुरु हुँदैछ । सरकारले २०२१ र २०२८ सालमा जग्गाको नापी गर्यो । जनताको जग्गा जनतालाई दियो भने अरु जग्गा सरकारी हो । ऐलानी, गुठी, हदबन्दीभन्दा बढीलगायतका शीर्षकमा जग्गा राखिएको छ । यद्यपि, भूमाफियाहरुले दर्ता गर्न छुटेको भन्दै ती जग्गा व्यक्तिको नाममा दर्ता गरेका छन्। सरकारले जुनसुकै समयमा ती जग्गा खोज्न सक्छ। जनप्रतिनिधि र राजनीतिक दलहरुले सँधै भूमाफियाको पक्षमा काम गरे । जसको असर पहिले राष्ट्रले भोग्यो, अहिले कृषकहरुले भोग्दैछन् । कृषकहरुले समेत जग्गा नपाउने अवस्था बन्यो । अब कसरी खेती गर्ने ? स्थानीय पालिकाले सबै आवासीय क्षेत्र कायम गर्नुहुन्छ ? भूमाफियाको हितमा काम गर्दा खेतीपाती गरेर खाइरहेका कृषकहरु समस्यामा परे कि परेनन् ? जनप्रतिनिधिहरुको कारणले भएका खेतीयोग्य जमिनहरु बाँझै बस्ने भयो। उसैपनि कृषिबाट टाँढिदै गएको देशलाई झनै विदेशमा निर्वाह हुनुपर्ने अवस्था बनाइयो । जनताले पैसा हेरे । जग्गा बेचेर करोडौंको मालिक बन्ने सपना देखे । तर, सोचेजस्तो भएन । सँधै जग्गाको खरिदबिक्री उही रफ्तारमा जान्छजस्तो सोचेकोमा त्यस्तो भएन । यता, जनप्रतिनिधिले कर देखे । नक्सा पास गर्दा, घरबाटो दिँदा कर आउने भएपछि जनप्रतिनिधि त्यसतर्फ लोभिए । जनता र जनप्रतिनिधि दुवैको सपना चक्नाचुर भएको छ भने मलको पनि अभाव भोग्नुपरेको छ । २५३ वटा स्थानीय सरकारले जग्गाको वर्गीकरण गरिसकेको छ । १९८ वटाले अन्तिम चरणमा पुर्‍याइसकेको छ । बाँकी भएकाले पनि अब आउँदो असार मसान्तभित्र गरिसक्नुपर्नेछ । रोचक प्रसंग के भने, सबैले आवासीय क्षेत्र भनेर मन्त्रालयमा विवरण पठाएका छन् । योसँगै कृषिप्रधान देशको अस्तित्व सकियो कि सकिएन ? अब जनताले के खान्छन् ? खेती गर्नलाई जमिन चाहिन्छ, मल चाहिन्छ। तर, सबै आवासीय क्षेत्र कायम गरियो। घर र बाटोले मान्छेलाई खान दिन्छ ? यहाँ सबैतिर घर र बाटो बनाउने अनि नेपालीलाई खाद्यान्नकै लागि अरुको भर पर्नुपर्ने बाध्यता सिर्जना गरियो । स्थानीय तहहरुले देशलाई परनिर्भर बनाउने काम गरेका छन् । देशैभरको जमिन आवासमा राखेपछि खेतीचाँहि कहाँ गर्ने ? देश शक्तिशाली हुनलाई त पहिले कृषिमा आत्मनिर्भर हुनुपर्छ । खेतीमा आत्मनिर्भर भयो भने अरुको थिचोमिचोमा पर्नुपर्दैन । अरुले नाकाबन्दी गर्दापनि कुनै असर पर्दैन । कृषिमा आत्मनिर्भर बनेर देशलाई बलियो बनाउनुको साटो अरुलाई फाइदा हुने काम यहाँका जनप्रतिनिधिले गरेका छन् । पहिले नेपालले अन्य मुलुकलाई खाद्यान्न बेच्थ्यो, सहयोग गर्थ्यो । अहिले चामलदेखि नुनसम्म अर्काको देशबाट आयात गर्नुपर्छ । कृषिप्रधान देश भनिएको छ, कुनै खाद्यान्नमा आत्मनिर्भर छैन । जनप्रतिनिधिहरुले त कृषि बढाउन भूमिका खेल्नुपर्थ्यो । तर, उनीहरुले नेपाललाई विदेशीको व्यापार गर्ने थलो बनाउने काम गरेका छन् । नेपालको व्यापार घाटा खर्बौंमा छ । पहिले जनता आफैं कृषि गर्थे, खान्थें, बेच्थें। कोही बेरोजगार थिएनन, अधिकांश कृषक थिए । अहिले के भयो ? कृषक त छँदै छैनन् । त्यसैले त बेरोजगारी धेरै भयो । सरकारले खेतीयोग्य जमिन संरक्षणमा कहिल्यै चासो देखाएन। खेतीयोग्य जमिनमा भ्युटावर, रंगशाला, घर, बसपार्क बनाइएको छ । त्यो उब्जनी नहुने जमिनमा बनाउन सकिन्थ्यो । तर, खेतीयोग्य जमिन माँसेर निर्माण गरियो । जनप्रतिनिधिहरुले चुनावमा खर्च गरेको पैसा भूमाफियाबाट लिएको प्रष्टै छ । भूमाफियाबाट पैसा लिएर उनीहरुले खेतीयोग्य जमिनलाई आवासीय कायम गरेका हुन् । खेतीयोग्य जमिन मासिँदा राष्ट्रलाई धेरै क्षति भएको छ । पहिलो-सर्वसाधारण बेरोजगार भए, दोस्रो-नेपाली पूँजी खाद्यान्न खरिदमा बाहिर गयो, तेस्रो-मँहगी बढ्यो, चौथो-विषादीयुक्त आयातित खानले नागरिक रोगी भए, पाँचौं-देश गरिब भयो, छैठौं-बैंक तथा वित्तिय संस्थाको पैसा फस्यो । सहकारी डुब्नुको प्रमुख कारण घरजग्गामा लगानी भएको त प्रमाणित नै भइसकेको छ । एक हजार नजाने जग्गालाई करोड हाल्दाको नतिजा समग्र देशले भोगिरहेको छ । सरकारले बेलैमा दिर्घकालीन सोचेको भए, जमिन कित्ताकाट गर्न नदिएको भए, सायदै आज यो अवस्था हुन्थ्यो । खानाको लागि न अरुको भर पर्नुपर्थ्यो न जनता कमाउन विदेश जानुपर्थ्यो ।

*-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेप्टरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। गतिविधिहरूबाट जोगिनुहोला। | **तुला** : आँटेको कार्य सिद्ध हुनेछ। नोकरी वा पेशामा कार्यको तारिफ हुनेछ। |
| **वृष** : करियरलाई लिएर प्रगति हुनेछ। कार्यक्षेत्रमा मानसम्मान प्राप्त हुनेछ। | **वृश्चिक** : परोपकारको लागि उत्तम समय रहेको छ। धार्मिक भ्रमणका योग छन्। |
| **मिथुन** :आर्थिक पक्ष सबल रहनेछ। विद्यार्थीहरूको शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। | **धनु** : मन अशान्त रहनेछ। समस्या दर्शाउँदा सहयोगीहरूले साथ दिनेछन्। |
| **कर्कट** : आभूषणले सौन्दर्यमा निखार आउनेछ। दाम्पत्य जीवन सुखमय रहनेछ। | **मकर** : व्यवसायमा जीवनसाथीको सहयोग मिल्नेछ। स्वास्थ्य सबल रहनेछ। |
| **सिंह** : खर्चबाट जोगिनुहोस्। चकशर्म रोग सम्बन्धी समस्याले सताउन सक्छ। | **कुम्भ** : शत्रुमाथि विजय प्राप्त हुनेछ। योग्यताको उचित मूल्यांकन हुनेछ। |
| **कन्या** : सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। उत्तम भोजनको प्राप्ति हुनेछ। | **मीन** : अध्यापनमा सफलता मिल्नेछ। परिस्थितिको आनन्द उठाउन सक्नुहुनेछ। |




निबन्ध — सञ्जीव पौडेल

# असमानता, रिस र चेतना

> **जागिर खाएको साथीको आर्थिक हैसियत आफूभन्दा निकै माथि हुँदा, वा सामान्य भन्सारमा बसेको खरदारको छुट्टै रवाफ देख्दा, महिनाको तलबमा गुजारा चलाउनेको कर्मचारीको "म किन कम छु ?" ।**

समाजको विकास र असमानताको इतिहास एकअर्काका सहयात्री हुन् । मानव सभ्यता सुरु हुँदा मानिस समूहमा बाँच्न थाले, तर शक्ति, सीप र स्वार्थका कारण समानता कहिल्यै स्थायी हुन सकेन । सिकार गर्ने जमातमा पनि बलियोले ठूलो जनावरको मासु बढी पाउँथ्यो भने कमजोरले हड्डीमा टाँसिएको मासु चपाउँदै सन्तुष्ट रहनुपर्थ्यो । त्यही बेलादेखि नै समानता र असमानता बीचको द्वन्द्व सुरु भयो, जसले आजसम्म समाजको हरेक तहलाई छोइरहेको छ । बाल्यकालमा मैले भोगेको गरिबी र छिमेकीको सम्पन्नताको दृश्यले बालमस्तिष्कमा गहिरो चोट बन्न पुग्यो "किन मसँग छैन? किन ऊसँग छ?" । असमानताको पहिलो घाउ त्यहीँ लाग्यो, जसले पीडा, रिस र प्रश्न पनि उठायो । बालमनोविज्ञान भन्छ, जब कुनै बच्चाले आफू र अरू बीचमा असमानता देख्छ, उसको मस्तिष्कमा पहिलो पटक "अन्याय" को अनुभूति हुन्छ । त्यो अनुभूति नै भविष्यमा परिवर्तनको बीउ बन्न सक्छ । मेरो रिस पनि कुनै व्यक्तिविरुद्ध नभई, परिस्थितिविरुद्ध थियो । बीसौँ शताब्दीको अन्त्य र एकाइसौँको सुरुवातसँगै असमानताले नयाँ रूप लियो । अब असमानता केवल धनको नभएर अवसरको पनि भयो । समाजमा योग्यताभन्दा नाता, सीपभन्दा पहुँचले भूमिका खेल्न थाल्यो । जन्मका कारण अवसर पाउने, अधिकार पाउने, र योग्यतालाई पछि धकेल्ने प्रवृत्ति जनाउने "नेपो बेबी" भन्ने शब्द यही सन्दर्भमा चर्चामा आयो । यो संस्कृति विश्वका हरेक क्षेत्रमा फैलिएको छ । नेपालमा राजदरबारमा जन्मिएका सन्तानले सामान्य जनताभन्दा असंख्य गुणा बढी सुविधा पाउँथे । त्यो असमानताले जनताको भावनालाई आक्रोशमा रूपान्तरित गर्यो । फलस्वरुप आन्दोलन भयो । राजतन्त्र हट्यो । क्षणभरका लागि समानताको नयाँ युग सुरु भयो । यसरी इतिहासले असमानताको रूप फेरिने तर अन्त्य नहुने देखाएको छ । राजा गए तर "नेता-राजा" आए । अब असमानता राजनीतिक दल, सरकारी कार्यालय, र संघसंस्थाको रूपमा देखा पर्यो । सम्पत्ति,सेना र ज्ञान शक्तिका श्रोत हुन । यो प्राप्त गर्न मानिस त्यस तर्फ आकर्षित भई रहन्छन् । एक समय जनताको आवाज रहेका राजनीतिक दलका भातृ संगठनहरू सत्ता नजिक पुग्ने माध्यम बने । ट्रेड युनियनले श्रमिकको अधिकार होइन, नेताको स्वार्थ बोल्न थाले । जुन पार्टी सरकारमा पुग्छ, त्यसकै नजिकका युनियन सदस्यहरूको रवाफ बढ्छ । कर्मचारीतन्त्रमा समान अवसर होइन, "कसको पार्टी ?" भन्ने प्रश्नले काम गर्छ । सामुदायिक जंगलको समितिदेखि सहकारी र टोलका समितिसम्म राजनीतिक प्रभावमा बन्न थाले । सरकारी काम, ठेक्का-पट्टा सबै ठाउँमा दल नजिकका भातृ संगठन, युनियन र पहुँचको राज चल्न थाल्यो, जसले आर्थिक मात्र होइन, मनोवैज्ञानिक असमानता पनि फैलाएको अनुभव भयो । अहिले समाजमा अर्को एक मानसिकताले त्रसित छ, त्यो हो "जेन जी" लाई कुनै सुझाव वा प्रश्न गर्न हुँदैन भन्ने । जेन जीका बारेमा केही बोल्यो वा लेख्यो भने पुराना पार्टीको झोले भनेर भाष्य बनाइन्छ । अहिले जेन जीको नाममा कसैले केही गर्दैन भनेर पुलिसलाई हातपात गरेको, जेन जीलाई नि:शुल्क शेयर दिनुपर्यो भनेर विद्युत परियोजनाहरूमा पत्र गएको, र सञ्चालन हुँदै गरेको परियोजना बन्द भएको समाचार आई रहेका छन् । यसले फेरि दलका भातृ संगठनजस्तै जेन जीको नाममा असमानता र मनपरी गर्ने हो कि भन्ने प्रश्न समाजमा उठेको छ । जागिर खाएको साथीको आर्थिक हैसियत आफूभन्दा निकै माथि हुँदा, वा सामान्य भन्सारमा बसेको खरदारको छुट्टै रवाफ देख्दा, महिनाको तलबमा गुजारा चलाउनेको कर्मचारीको मस्तिष्कमा प्रश्न जन्मिन्छ: "म किन कम छु ?" । यही प्रश्नले फेरि रिस ल्याउँछ । रिस भनेको कुनै असन्तुष्टि, अन्याय, अपमान, वा बाधा अनुभव गर्दा उत्पन्न हुने तीव्र नकारात्मक भावना हो । यसलाई मनोविज्ञानमा एक प्रकारको भावनात्मक प्रतिक्रिया भनिन्छ । मानिसलाई आफ्नो अधिकार, आत्मसम्मान, या इच्छाको रक्षा गर्न प्रेरित गर्छ। रिस पनि एउटा भावना हो । नकारात्मक रूपमा त्यसले विनाश ल्याउँछ, तर सकारात्मक रूपमा त्यसले क्रान्ति जन्माउँछ । नेल्सन मण्डेला वा महात्मा गान्धीले अन्यायप्रति रिसलाई हिंसा होइन, परिवर्तनको उर्जा बनाए । तर नेपालमा रिस प्राय: हिंसा र द्वन्द्वको बाटोमा बगाइन्छ, जसले विवेक हराउँछ र समाज फेरि चक्रमा फस्छ । त्यस्तै चेतना भनेको आत्म-सजगता वा जागरूकताको अवस्था हो । मानिसलाई आफू, वरिपरि भएका वस्तुहरू, विचारहरू, भावना र घटनाको बोध र नियन्त्रण हुन्छ। मनोविज्ञान र दर्शन दुवैका दृष्टिले चेतना मानव अस्तित्वको केन्द्र हो। खुशी हुँदा मुटु न्यानो महसुस गर्छ भने रिस उठ्दा एड्रेनालिन बढ्छ, शरीर तातिन्छ, बोली कडा हुन्छ । त्यो आन्दोलनमा आफ्ना हतियार लुटिंदा र आफुलाई नौ बनाउँदा प्रहरीले हातमा भएको हतियार रिसमा चलाएको भए केहि हजार मान्छे हताहती हुने थिए । प्रहरीले रिसले होइन संयमितता अपनाएर र चेतनाले काम गर्दा आफु हारेर पनि मानिसको ज्यान बचाएको देखिन्छ । नेपालको हालको "जेन जी आन्दोलन" पनि एक किसिमको भावनात्मक विस्फोट हो । यो पुस्ताले पुरानो नेतृत्व, नातावाद र भ्रष्टाचारको विरोध गरेको छ, जुन सकारात्मक कुरा हो । तर समस्या त्यहाँ सुरु हुन्छ, जब स्वतन्त्रताको नाममा दायित्व हराउँछ । कतिपय जेन जी कार्यकर्ताले "हामीलाई जे गर्न पनि छुट छ" भन्ने सोच विकसित गर्न थालेका छन् । प्रहरीमाथि हातपात गर्ने, हाइड्रोपावर परियोजना रोक्ने जस्ता मानसिकताहरू नयाँ असमानताका लक्षण हुन् । यदि सरकार र नागरिक दुवै "हामी नै कानुन" भन्ने सोचमा पुगे भने, त्यो समाज समान होइन, अराजक हुन्छ । विश्व बैंकको तथ्याङ्कअनुसार बहुदल आए पछि नेपालमा भौतिक पूर्वाधार, शिक्षा,स्वस्थ्य, प्रतिव्यक्ति आय र मानव विकास सूचकांकमा सुधार भएको छ । बैकिङ्ग पहुंच ग्रमिणसम्म पुगेको छ । स्वास्थ्य सेवामा सामान्य नागरिकको पहुँच राम्रो भएको छ तापनि , केही भ्रष्ट ब्यक्तिहरूका कारण असमानता बढेको सत्य हो । बहुदलपछि पत्रकारिता स्वतन्त्रताको अर्को नाम बन्यो । तर यो स्वतन्त्रता कहिलेकाहीँ जिम्मेवारीविहीन भयो । टिभी रेटिङ्ग र भ्यूजको लोभमा कतिपय मिडिया र युट्युबरहरूले नकारात्मकता बेच्न थाले । सामाजिक सञ्जाल नयाँ धर्मजस्तो भयो । मानिसहरू फेसबुक, टिकटक, र युट्युबबाट नै सत्य असत्य छुट्याउन नसकिने हुनथाले । अनलाइन खबरको अनुसन्धान अनुसार ३४ प्रतिशत नक्कली खाता सामाजिक सञ्जालमा सक्रिय छन् । तीनले नै आन्दोलनमा अफवाह फैलाउँने र समाजमा अस्थिरता ल्याउँने काम गरेको देखिएको छ । समानता भन्नाले सबैले एउटै कुरा पाउनु होइन । सबैले आफ्ना क्षमताअनुसार अवसर पाउनु हो । असमानता तब घट्छ जब समाज "मेरो भन्दा ऊ बढी पायो" भन्ने तुलना होइन, "ऊस्ले पायो, म पनि प्रयत्न गर्छु" भन्ने सोचमा पुग्छ । दार्शनिक दृष्टिले समानता आत्म-ज्ञानसँग सम्बन्धित छ । गीता भन्छ– "समोऽहं सर्वभूतेषु" (म सबै प्राणीसँग समान छु) । बुद्धले पनि दु:खको मूल तुलना र तृष्णा हो भनेका थिए । जब हामी अरूसँग तुलना गर्छौं, असमानताको बीउ रोपिन्छ । यसैले समानता कानुनी मात्र होइन, आध्यात्मिक अवधारणा पनि हो । समाजले समानता ल्याउन कानुन बनाउन सक्छ, तर मनमा शान्ति ल्याउन चेतना आवश्यक छ । रिसलाई दमन गर्नु होइन, दिशा दिनु जरुरी छ । रिस ऊर्जा हो । अन्याय देखिँदा रिस उठ्नु स्वाभाविक हो, तर त्यो रिस तोडफोडमा होइन, सोच र सिर्जनामा रूपान्तरण हुनुपर्छ । नेपालमा अहिले असमानता, भ्रष्टाचार र अवसरवादले फेरि रिसको वातावरण बनाएको छ । यही रिसलाई यदि शिक्षामा, सामाजिक सचेतनामा, र प्रणाली सुधारमा केन्द्रित गर्न सकियो भने, त्यो राष्ट्र-निर्माणको इन्धन बन्न सक्छ । तर यदि रिसलाई सामाजिक सञ्जालको अफवाह, भीडको उत्तेजना, वा हिंसात्मक आन्दोलनले कब्जा गर्यो भने, त्यो आगोले घर मात्र होइन, जीवनको मूल्य पनि जलाउँछ । जबसम्म हामी रिसलाई समझदारीमा, भावनालाई विवेकमा, र स्वतन्त्रतालाई जिम्मेवारीमा रूपान्तरण गर्न सक्दैनौं तवसम्म असमानता नयाँ रूप लिएर फर्किरहन्छ । समानता केवल राज्यले वितरण गर्ने वस्तु होइन । त्यो चेतनाको अवस्था हो । जुन दिन हामीले आफ्नो मनमा असमानताको रीस होइन, समानताको करुणा भर्न सक्यौं । त्यो दिन समाज साँच्चै विकसित कहलिनेछ । रिस भावना हो । चेतना जागरूकता हो । रिस चेतनाको अधिनमा रह्यो भने मानिसले त्यसलाई नियन्त्रण गर्न सक्छ । तर चेतना कमजोर भयो भने रिसले नै सोच र व्यवहारलाई नियन्त्रण गर्न थाल्छ तव उ विनासको बाटोतिर लाग्छ ।

*-समकालीन साहित्य डटकम*

कथा — लक्ष्मण सिटौला

# मैले नलेखेको दिन



> **सिनोको गन्धले घायल भएको हाँस थाकेको थियो । ल ठीकै छ यिनका दरबार कस्ता रेछ हेरौं न त भन्दै दुवै फेरि उडे र नभन्दै एउटा भव्य राजदरबारको बगैंचामा पुगे । एउटा हाँगामा दुवै बसे र आराम गरे । नभन्दै फलफूल र सुगन्धले भरिपूर्ण भएको त्यो ठाउँ अत्यन्तै सुन्दर थियो । दरबारभित्र बसेका राजा शीतल ताप्न बाहिर बगैंचामा त्यही रूखको फेदमा आए जहाँ माथि हाँस र काग बसेका थिए । त्यति नै बेला रूखको हाँगामा बसेको कागले राजाको श्रीपेचमा बिस्ट्याइदियो र ऊ फुत्तै उडेर गयो ।**

सामुद्रिक छेउको एक वृक्षको हाँगोमा बसिरहेको कागलाई असाध्य प्यास लाग्यो । किनारमा उर्लिरहेको छाललाई हेरी प्यास मेटिँदैन । किनारमा ओर्लिएर जाऊँ भने पनि आफ्नो सजाति कोही देखिँदैनन् । केही पो हुने हो कि भनेर काग चिन्तित थियो । तल किनारमा रज हाँस बडो आनन्दले पानीमा खेलिरहेको थियो । बाठो कागले बुद्धि लगाउँदै सोच्यो - किन म यो रजहाँससँग मीत नलगाऊँ र त्यो सङ्लो पानी र वरिपरि मिल्ने माछा खाँदै आनन्द नलिऊँ ? यति सोचिसकेपछि काग किनारसम्म उडेर गयो । रजहाँससँग विनय गर्‍यो । मीत लगायो । पानी पियो । कयौं समय देखि लागेको प्यास मेटियो । पानी पिएर काग आफ्नो कागहरूको बथानमा उडेर गयो । हाँसले मनमनै सोच्यो कि हाम्रा मीतज्यू कस्ता स्वार्थी पो रेछन् । मीत लगाए, साइनो बनाए , र प्यास मेटे अनि गए । सुखदु:खका कुराहरू केही सोधपुछ गरेनन् । अखिर काग न परे यिनी । गनाउने सिनु खाने जात । मनमनै दु:ख मान्यो हाँसले । फेरि एकदिन काग पानी पिउन किनारमा ओर्लियो । हाँस किनारमा आनन्दले चरिरहेको थियो । काग आएको देखेर हाँसले भन्न थाल्यो, "निर्मल पानीमा बस्छु । शीतलता ताप्छु । मोती खान्छु । सागरमा बस्छु । सेतो छु । पानीमा तैरन्छु । सफा छु । म यो समुद्री तटको राजा !" मीतज्यूको फुर्ती सुनेर कागले मनमनै विचार गर्‍यो, "यिनलाई आफ्नो रूप, यौवन, वातावरण, जात, र वैभवता प्राप्तिप्रति यत्रो घमण्ड है ! पख समय आउला मेरो पनि र तिम्रा सेखी झारुँला..." पानी पिउन आएको मीतज्यूलाई हेरी यति धक्कु लगाएपछि हाँस चूपचाप लाग्यो र कागको सेखी झारे भनेर आनन्दित भयो ।

हाँसको कुरा सुनेर कागले भन्यो, "त्यस्तो मलाई खसालेर नभन्नुस् न मीतज्यू ! कालो हुनु मेरो दोष हो र ? जस्तो प्रकृतिले बनाइदियो म त्यस्तै त बनेँ । तपाईंको भन्दा म पनि कम वैभवशाली स्थानमा बस्दिनँ, किन गिज्याउनुहुन्छ ? नपत्याए हिंड्नुस् म तपाईंलाई मेरो बासस्थानमा लैजान्छु जानुहुन्छ ?" मीतको कुरा सुनेर हाँसले पनि मनमनले सोच्यो, "यिनी आफै त मरेको सिनु खान्छन् यिन्को वासस्थान कस्तो होला ! तैपनि यिन्का सेखी झार्नुछ ।" "ल ठीक छ मीतज्यू जाऔँ, हिँड्नुस् तपाईंको वासस्थानतिर ।" दुवै समुद्र किनार बाट निस्किए । काग उड्न सक्ने तर हाँस कागको वेगमा उड्न नसक्ने । कागले फेरि हाँसलाई भन्यो, "खोइ त मीतज्यू तपाईं अघि त खूब फुर्ती गर्नुहुन्थ्यो म जस्तो बलवान्, वेगवान्, वैभवशाली, सफा सेतो कोही छैन भन्नुहुन्थ्यो । अहिले त मेरो वेगमा उड्नु सक्नुहुन्न नि ।" हास चुपो लाग्यो र कागले आफूलाई खसालेर बोलेको कुरा मनमा लिइरह्यो । कुनै बेला मौका पर्‍यो भने यिनलाई सेखी झार्नुपर्छ भनेर मनमनै विचार गर्‍यो । धेरै पर गएपछि मानिसहरूको बस्ती नजिक पुगे । हाँस थाकेको थियो । पसिना र थकाइले ऊ चुरचुर थियो । मरेको जनावरहरूको दुर्गन्ध, राँगा, बोका खसीका हाडखोड र कुहिएका जनावरको दुर्गन्ध चारैतिर फैलिएको स्थानमा पुगेपछि हाँसले कागलाई भन्यो, "हरे ! मीतज्यू तपाईंको वासस्थान यही नरक हो जहाँ सिनो र कुहिएको मासुको गन्धले म बेहोस हुन लागिसकें !" कागले भन्यो, "अघिसम्म त धेरै फुर्ती लगाउनुभाथ्यो मोती खान्छु, निर्मल पानीमा बस्छु, म सेतो सफा हाँस भनेर । हेर्नुस् यो पनि जीवन हो । चिन्ता नगर्नुस् मीतज्यू, म बसेको ठाउँ त अर्कै छ जहाँ बाग बगैंचा फूलहरूका वासना मीठामीठा फलहरूको आस्वादन गर्न पाइन्छ !" सिनोको गन्धले घायल भएको हाँस थाकेको थियो । ल ठीकै छ यिनका दरबार कस्ता रेछ हेरौं न त भन्दै दुवै फेरि उडे र नभन्दै एउटा भव्य राजदरबारको बगैंचामा पुगे । एउटा हाँगामा दुवै बसे र आराम गरे । नभन्दै फलफूल र सुगन्धले भरिपूर्ण भएको त्यो ठाउँ अत्यन्तै सुन्दर थियो । दरबारभित्र बसेका राजा शीतल ताप्न बाहिर बगैंचामा त्यही रूखको फेदमा आए जहाँ माथि हाँस र काग बसेका थिए । त्यति नै बेला रूखको हाँगामा बसेको कागले राजाको श्रीपेचमा बिस्ट्याइदियो र ऊ फुत्तै उडेर गयो । हाँसलाई थकाइ लागेको थियो । एक्छिन त्यही बस्यो । राजाको श्रीपेचमा बिस्ट्याउने यो कुन मूर्ख चरा हो यसलाई वाण हानेर झारिहाल त भन्ने आदेश पाएपछि सिपाहीले कसेर वाण ताक्यो र हाँस भैंमा झर्‍यो । आफ्ना पखेटाबाट तरतरी रगत चुहिँदै गरेको घायल हाँसले राजालाई बिन्ती गर्‍यो, "महाराज मैले हजूरको श्रीपेचमा बिस्ट्याउने किन साहस गर्थें र । यो त हाम्रो मीतज्यूको काम हो, मैले होइन । अरूले गरेको कुकर्मको लागि मलाई किन सजाय दिनुभयो ?" राजाले माफी मागे र भने, "हे रजहाँस तिमीमा पनि फुर्ती बढेको थियो । कागलाई आफ्नो बारेमा धाक लगाएका थियौ ।

आफ्नो वैभवताको तिमीलाई घमण्ड थियो । मै हुँ भन्थ्यौ । म जस्तो निर्मल र सफा कोही छैन भन्थ्यौ । र कागले तिम्रो घमण्ड तोडफोड गर्‍यौ त्यसैको परिणाम तिम्ले भोग्यौ । समुद्र किनारको पानी तिम्रो निजी सम्पत्ति त थिएन नि फेरि तिम्ले त्यसमा आफ्नो हक जमायौ ।" "प्यासीले आफ्नो प्यास मेटाउन तिम्रो अनुमति लिनुपर्ने यो प्रकृति विपरीत कार्य थियो । पखेटाबाट रक्तस्राव भैरहेछ । उपचार नगरे तिमी पनि कुहिएर फतक्कै गल्छौ अनि कहाँनिर जीवित रहन्छ तिम्रो सौन्दर्य ! ल भैगो तिम्रो प्राण बचाउनु मेरो कर्तव्य हो । पखेटामा उपचार गरेपछि मेरा सिपाहीहरूले तिमीलाई समुद्रसम्म छोडेर आइदिनेछन् ।" राजाको वचन सुनेर हाँस लज्जित भयो ।

*-साहित्यपोस्ट डटकम*

# आज अन्तर्राष्ट्रिय पर्वत दिवस मनाइँदै




**पाल्पा,** मंसिर २४/अन्तराष्ट्रिय पर्वतीय दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाईंदैछ । संयुक्त राष्ट्रसंघीय पर्यटन संगठनको आह्वानमा हरेक वर्ष डिसेम्वर ११ अर्थात आजकै दिनमा यो दिवस मनाइँदै आइएको हो ।

जलवायु परिवर्तन र जनसंख्या वृद्धिका कारण पर्वतीय क्षेत्रमा परेको असर न्यूनीकरणप्रति जनचेतना जगाउने उद्देश्यले यो दिवस मनाउने गरिन्छ । दिवसका अवसरमा नेपालमा पर्यटनसँग सम्बन्धित संघसंस्था तथा समूहहरुको आयोजनामा विभिनन्न कार्यक्रम आयोजना हुँदैछन् । हरेक वर्ष आजकै दिन (११ डिसेम्बर) मनाइने यो दिवस विश्वसामु यी महत्वपूर्ण तर उपेक्षित क्षेत्रको सम्मान गर्न आह्वान गर्ने दिन पनि हो । पछिल्लो समय जलवायु परिवर्तनका कारण हिउँ पग्लिदा हिमालहरुको अस्तित्व खतरामा परेको आरोहीहरु बताउँछन् । त्यस्तै सरकारले पर्वतारोहीहरुको उचित अनुगमन गर्न नसक्दा हिमालहरु फोहोर बन्दै गएको र पर्यावरणीय प्रदुषण बढ्दै गएको वातावरणविद्हरुको भनाई छ । पृथ्वीको २५ प्रतिशत भू-भाग पर्वतीय क्षेत्रले ओगटेको छ । विश्वको कुल जनसंख्याको करिब २० प्रतिशत मानिस यसै क्षेत्रमा बसोवास गर्छन् । विश्वको सर्वोच्च शिखर सगरमाथा सहितको चुचुराका कारण चिनिएको नेपालमा हिमालहरु पग्लिदै गएको विषय प्रति सरोकार वालाहरुले चिन्ता ब्यक्त गरेका छन् । पर्वतारोहणका क्रममा बढ्दो फोहोर, हिमाली क्षेत्रमा बढ्दो जनघनत्वले समेत उत्तिकै असर परिरहेको छ । पछिल्लो समय पृथ्वीले बढ्दो तापक्रमको मार झेल्दैछ । विगतमा सेताम्य देखिने हिम शृंखला निरन्तर काला पत्थर बन्दै गइरहेका छन्, हिँउ झर्नुपर्ने ठाउँमा निरन्तर वर्षा भइरहेका छन् र त्यस्ता स्थानमा विभिन्न वनस्पतिहरू देखिन थालेका छन् । यो विषयलाई यस वर्षको पर्वतीय दिवसले समेटेको छ । नेपाल विश्व पर्वतीय दिवसको एउटा मूल केन्द्रबिन्दु भएको विज्ञहरुको भनाइ छ । विश्वमै स्वच्छ पानी पाउने मुख्य हिमालहरू नेपालमा नै बढी हुनुले नेपालको हिमाली क्षेत्रको विषयमा विश्व समुदायले चासो व्यक्त गर्ने गरेको छ । विश्वमा बदलिँदो मौसमको रंग, तापक्रम तथा समुल प्राणी जगतको जीवनचक्रको मुख्य केन्द्रका रूपमा पर्वतीय क्षेत्रलाई लिइएको छ ।

## १९ बालबालिकासहित...

...पछिल्लो समयमा संक्रमितले परीक्षण गर्ने, संक्रमण पश्चात औषधी सेवन गर्ने र सम्पर्कमा रहने एचआइभी एड्स सङ्क्रमितको संख्या भने बढिरहेको छ । धौलागिरी अस्पतालको एआरटी (एन्टी रेक्टो ट्रिटमेन्ट)सेन्टर र एड्स सम्बन्धी काम गर्ने गैरसरकारी संस्थाको प्रभावकारी समन्वयमा बागलुङमा रहेका एचआइभी संक्रमित सम्पर्कमा आउन थाले पनि खुल्न भने नचाहने स्वास्थ्यकर्मी बताउँछन् ।

धौलागिरी प्रादेशिक अस्पतालमा २०६३ सालमा स्थापना भएको एआरटी सेन्टरले एचआइभी एड्स भए नभएको पहिचान गर्ने, सङ्क्रमितको परामर्श, परिक्षण तथा नियमित रूपमा औषधी उपचार र गोपनियताका कारण सङ्क्रमित सम्पर्कमा भने आउन थालेका हुन् । स्वास्थ्य कार्यालयको तथ्याङ्क अनुसार बागलुङमा १९ बालबालिकासहित २१५ जना संक्रमित नियमित औषधी सेवन गरिरहेका छन् । स्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माका अनुसार गत आर्थिक वर्षमा १० जना संक्रमित थपिएका थिए भने चालु आर्थिक वर्षमा सात जना संक्रमित थप भइसकेका छन् । उनिहरूले सामाजिक विभेद रहेकाले आफूहरू खुल्न नसकेको बताउँदै आएका छन् । उनिहरूलाई गोपनियताको ढंगले औषधी दिने तथा परामर्श दिँदै आएको शर्माको भनाइ छ । परीक्षण र परामर्शको दायरा बढाएपछि संक्रमितको संख्या भने उकालो लागिरहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिए । एचआइभी सङ्क्रमितहरू अरु मानिस सरह बाच्न सक्छन् भन्ने उद्देश्यका साथ एआरटी सेन्टरले एचआइभी एड्स प्रभावित गाउँमा पुगेर नमूना सङ्कलन गरी गोप्य रूपमा उपचार तथा परामर्श दिने गरेपछि सङ्क्रमितको सङ्ख्या बढ्न थालेको धौलागिरि प्रादेशिक अस्पतालमा सञ्चालित एआरटी सेन्टरका प्रमुख परामर्शदाता प्रदीप आचार्यले बताए । सेन्टरले एचआइभी एड्ससम्बन्धी गैरसरकारी संस्थाहरूको सहयोगमा सङ्क्रमितलाई उचित परामर्श, नियमित औषधि उपचार, बाटो खर्च र पोषणलगायत धेरै सेवा तथा सुविधा उपलब्ध गराउँदै आएको छ ।

*---रासस*

## निर्वाचनपछि नेकपा...

...नेपाल कम्युनिष्ट पार्टीका नेता नेत्र प्रसाद पाण्डेले देशको विकास, जनतालाई आर्थिक रुपमा बलियो र सुखी बनाउन नेपाली कम्युनिष्ट पार्टीमा आगामी निर्वाचनमा मतदान गर्न अनुरोध गरे । एकता सभामा त्रिभुवन बहुमुखी क्याम्पस स्ववियु सभापति मिलन घर्तिमगरले पार्टीमा रुपान्तरण जरुरी रहेको र नेतृत्वमा युवा पुस्ता बढी भन्दा बढी सहभागी गराउनुपर्नेमा जोड दिए । संविधानसभा सदस्य लिला सोमैले १६ घटकबाट निर्माण भएको पार्टीलाई वडातहसम्म एकताबद्ध गरेर लैजानुपर्ने बताईन् । पाल्पाको १० वटै पालिकाबाट आएका हजारौं नेता, कार्यकर्ता सहितको टोली तानसेनको टुँडिखेलबाट पञ्चेबाजा सहित नारा जुलुसलिएर तानसेन नगरपरिक्रमा गरी एकता सन्देश सभामा परिणत भएको थियो । विघटित नेकपा एकिकृत समाजवादी पाल्पाका अध्यक्ष एव कम्युनिष्ट पार्टीका नेता अशोक कुमार शाहीको अध्यक्षता र विघटित नेकपा माओवादी केन्द्र पाल्पाका संयोजक राजेन्द्र विश्वकर्माको सञ्चालनमा एकता सन्देश सभा भएको थियो ।

### खेलकुद समाचार

## सुदूरपश्चिम लगातार दोश्रो पटक एनपीएलको फाइनलमा



**काठमाडौं,** मंसिर २४/नेपाल प्रिमियर लिग (एनपीएल)मा सुदूरपश्चिम रोयल्स फाइनलमा पुगेको छ । बुधबार भएको पहिलो क्वालिफायर खेलमा विराटनगर किङ्गसलाई ७७ रनले हराउँदै सुदूरपश्चिम लगातार दोश्रो पटक फाइनलमा स्थान बनाएको हो ।

सुदूरपश्चिमले दिएको १ सय ५७ रनको लक्ष्य पछ्याएको विराटनगर १४ ओभर १ बलमा ७८ रन बनाएर अलआउट भयो । विराटनगरका फाफ डु प्लेसिसले ३६ र मचेन्ट डे ल्याङ्केले १५ रन बनाए । सुदूरपश्चिमका स्कट कुग्लेलिजन, हर्मित सिंह र अविनाश बोहराले समान २ तथा हेमन्त धामी, र दीपेन्द्रसिंह ऐरीले समान १ विकेट लिए । त्यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा ७ विकेट गुमाएर १ सय ५५ रन बनायो । सुदूरपश्चिमका विनोद भण्डारीले ६३, आरिफ शेख र शेल्डन ज्याक्सनले समान २० रन बनाए । विराटनगरका प्रतिस जिसी र मर्चेन्ट डे लाङ्केले समान २ विकेट लिए । दीपेन्द्रसिंह ऐरीको कप्तानीमा रहेको सुदूरपश्चिम शीर्ष र सन्दीप लामिछानेको कप्तानीमा रहेको विराटनगर दोस्रो स्थानमा रहेर प्लेअफमा पुगेका हुन् । सुदूरपश्चिम पहिलो संस्करणको उपविजेता हो । अब विराटनगरले दोस्रो क्वालिफायरमा इलिमिनेटर खेलको विजेतासँग खेल्नेछ । इलिमिनेटरमा भोलि दिउँसो ४ बजे काठमान्डु गोर्खाज र लुम्बिनी लायन्स खेल्दैछन् । करण केसीको कप्तानीमा रहेको काठमान्डु तेस्रो र रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनी चौथो स्थानमा रहेका प्लेअफमा पुगेका हुन् । यो खेल जित्ने टोलीले फाइनलमा पुग्न दोस्रो क्वालिफायर खेल्ने मौका पाउनेछ भने हार्ने टोली बाहिरिनेछ ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## घट्यो नेप्से, कारोबार रकम पनि खुम्चियो



**पाल्पा,** मंसिर २४/साताको चौथो दिन बुधबार नेप्से परिसूचक सामान्य अंकले घटेर बन्द भएको छ । नेप्से ७ दशमलव ८६ अंकले घटेर बन्द भएको हो ।

नेप्से बन्द भएसँगै २ हजार ६ सय ०६ दशमलव २० विन्दुमा पुगेको छ । अघिल्लो दिन मंगलबार ७ दशमलव ३९ अंकले बढरेर २ हजार ६ सय १४ दशमलव ०७ विन्दुमा पुगेको थियो । त्यसअघि दुई कारोबार दिन आइतबार र सोमबार नेप्से परिसूचक घटेको थियो । यसदिन ३ सय २९ स्क्रिप्सको ८६ लाख ४७ हजार ९ सय ४८ कित्ता सेयर ३ अर्ब ७३ करोड ८७ लाख ७२ हजार ३ सय ७३ रुपैयाँमा कारोबार भयो । यो रकम मंगलबारको तुलनामा कम हो । मंगलबार ३ अर्ब ७५ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार ५ दशमलव ०३ अंकले घटेको छ । मंगलबारको तुलनामा ० दशमलव १९ प्रतिशतले घटेपछि समग्र नेप्से २ हजार ६ सय ९ दशमलव ०३ विन्दुमा ओर्लेको छ । मंगलबार नेप्से करिब ७ अंकले बढे पनि त्यो वृद्धि बुधबारसम्म टिकेन । बुधबार कारोबारमा आएकामध्ये ८० कम्पनीको सेयर मूल्य बढ्यो, १६९ कम्पनीको मूल्य घट्यो भने ८ कम्पनीको मूल्य स्थिर रह्यो । बुधबार सेयर मूल्य बढ्ने भन्दा घट्ने कम्पनीको संख्या धेरै भएकाले समग्र नेप्से घटेको हो । बुधबार कुल ९१ हजार ३ सय ९४ पटकको सेयर कारोबारमा ८६ लाख ४७ हजार ९ सय ४८ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ३ अर्ब ७३ करोड ८७ लाख रुपैयाँबराबरको कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको हो । मंगलबार सेयर बजारमा ३ अर्ब ७५ करोड ५० लाख रुपैयाँबराबरको सेयर कारोबार भएको थियो । बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये सामूहिक लगानी कोष र उत्पादन तथा प्रशोधन बाहेक सबैको परिसूचक घटेपछि समग्र नेप्सेमा गिरावट आएको हो ।

**मानवअधिकारको सम्मान गरौं ।**

-मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
-मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
-हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
-मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
-मानवअधिकार उल्लंघन नगरौं,
-मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।
मानवअधिकारप्रति सचेत रहौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारिक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई